नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

मितिः २०७८/११/२२

# प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।११।२२ गते दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला पर्सा पटेर्वा सुगौली गाउँपालिका वडा नं. २ घर भइ हाल जिल्ला काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नं. १० कपन वस्ने सन्तोष चन्द्र वखेल ।
- जिल्ला काठमाण्डौ कागेश्वरी मनहरा न.पा. वडा नं. ६ मुलपानी वस्ने शैलेस पन्त ।
- जिल्ला पर्सा साविक सुवर्णपुर गा.वि.स. वडा नं. ५ हाल ठोरी गाउपालिका वडा नं. ५ सुवर्णपुर घर भइ हाल जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ५ हाडिगाँउ वस्ने रविन पाखिन ।
- जिल्ला सर्लाही बरथहवा न.पा. वडा नं. ९ घर भई हाल जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. ७ सरस्वतीनगर वस्ने नारायण प्रसाद घिमिरे ।

२. **कसूरको संक्षिप्त विवरणः**

प्रतिवादीहरुले अन्तःशुल्क नियमावलि, २०५९ को नियम ३० को (१) वमोजिमको कार्य नगरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित ऐ. ऐनको दफा ४ को (क), (ख) र (छ) मा उल्लेखित कार्य गरेको, भन्सार ऐन, २०६४ को दफा ३ ले तोकेको वाटो वाहेक अन्यत्रबाट पैठारी गरी सोही ऐनको दफा ५ वमोजिम भन्सार महसुल नतिरी, सोही ऐनको दफा ५७ को (१) वमोजिम चोरी पैठारी कसूर गरि भन्सार छलि गरि राजस्व चुहावट गरेको ।

३.**कायम भएको बिगो र सजायको मागदावीः**

प्रतिवादीहरु सन्तोष चन्द्र वखेल, शैलेस पन्त, रविन पाखिन र नारायण प्रसाद घिमिरेले अन्तःशुल्क नियमावलि, २०५९ को नियम ३० को (१) वमोजिमको कार्य नगरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित ऐ. ऐनको दफा ४ को (क), (ख) र (छ) तथा भन्सार ऐन, २०६४ को दफा ५७ को (१) वमोजिमको कसूर गरेको हुँदा यी प्रतिवादीहरुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन, २०५२ को दफा २ (छ१)वमोजिम अनुसूचिहरुमा गणना गरिएको विगो अनुसार तपसिल वमोजिमको रु.४,४६,३७,१८४।०० **(अक्षरेपी चार करोड छयालिस लाख सैतिस हजार एक सय चौरासी मात्र ।)** विगो कायम गरि उक्त विगो ऐ.ऐनको दफा २३(१), २३(२), २३(४) र २३(५) वमोजिम असूल उपर एवं ऐ.ऐनको दफा ३३ वमोजिम वरामद भएको अवैद्य मदिराहरु र ढुवानी साधन जफत हुन र विगोको शत प्रतिशत जरिवाना तथा हदैसम्मको कैद सजाय हुन माग दावी लिइ अभियोग पत्र दायर गरिएको ।

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

| सि.नं. | प्रतिवादीको नाम | असूल उपर हुनुपर्ने जम्मा विगो रु. | बिगो कायम हुने रा.चु.अ.तथा नि.ऐन २०५२ को दफा | विगोको शत % जरीवाना रा.चु.अ.तथा नि.ऐन २०५२ को दफा २३(१) अनुसार रु. | र रा.चु.अ.तथा नि.ऐन २०५२ को दफा २३ बमोजिम हुनुपर्ने कैद सजाय |
|---|---|---|---|---|---|
| १ | सन्तोष चन्द्र वखेल | १,४७,३२,०३०।— (अक्षरेपी एक करोड सत्चालिस लाख वत्तिस हजार तीस रुपिया मात्र ।) | दफा २ (छ१) (ङ) | १,४७,३२,०३०।— (अक्षरेपी एक करोड सत्चालिस लाख वत्तिस हजार तीस रुपिया मात्र ।) | दफा २३ (१) (ख) वमोजिम ६ महिना देखि १ वर्षसम्म |
| २ | शैलेस पन्त | १,४७,३२,०३०।- (अक्षरेपी एक करोड सत्चालिस लाख वत्तिस हजार तीस रुपिया मात्र ।) | दफा २ (छ१) (ङ) | १,४७,३२,०३०।– (अक्षरेपी एक करोड सत्चालिस लाख वत्तिस हजार तीस रुपिया मात्र ।) | दफा २३ (१) (ख) वमोजिम ६ महिना देखि १ वर्षसम्म |
| ३ | रविन पाखिन | १,४३,९२,३०६।– (अक्षरेपी एक करोड त्रिचालिस लाख वियानब्वे हजार तीन सय छ मात्र ।) | दफा २ (छ१) (ङ) | १,४३,९२,३०६।– (अक्षरेपी एक करोड त्रिचालिस लाख वियानब्वे हजार तीन सय छ मात्र ।) | दफा २३ (१) (ख) वमोजिम ६ महिना देखि १ वर्षसम्म |
| ४ | नारायण प्रसाद घिमिरे | ७,८०,८१८।- (अक्षरेपी सात लाख असी हजार आठ सय अठार मात्र ।) | दफा २ (छ१) (ङ) | ७,८०,८१८।– (अक्षरेपी सात लाख असी हजार आठ सय अठार मात्र ।) | दफा २३ (१) (क) वमोजिम १ महिना देखि ६ महिनासम्म |
| **जम्मा विगो** | | ४,४६,३७,१८४।– **(अक्षरेपी चार करोड छयालिस लाख सैतिस हजार एक सय चौरासी मात्र ।)** | | ४,४६,३७,१८४।– **(अक्षरेपी चार करोड छयालिस लाख सैतिस हजार एक सय चौरासी मात्र ।)** | |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**